## संघीय संसद

## प्रतिनिधि सभा

## विकास तथा प्रविधि समिति

## बैठक संख्या : ५९

मिति: २०७६/०६/०५

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नुवाकोट र धादिङ जिल्लाको सीमामा रहेको बन्चरे डाँडामा निर्माणाधीन ल्याण्डफिल्ड साइडको समस्याका सम्बन्धमा नेपाल सरकार शहरी विकास मन्त्रालयका मन्त्री र सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि, अर्थ मन्त्रालयका प्रतिनिधि, लगानी बोर्डका प्रतिनिधि, सो क्षेत्रसँग सम्बन्धित संघीय तथा प्रदेश सभाका आमन्त्रित माननीय सदस्यहरु, काठमाडौं महानगरपालिकाका प्रमुख, काठमाडौं, धादिङ र नुवाकोटका जिल्ला समन्वय समितिका प्रमुख, धुनिबेंशी न.पा.र ककनी गा.पा. का प्रमुख अध्यक्ष, काठमाडौं, धादिङ र नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी, तारकेश्वर र धुनिबेंशी न.पा. तथा ककनी गा.पा.का सम्बन्धित वडा अध्यक्षहरु, स्थानीय सरोकार समूहका प्रतिनिधिहरु लगायतको सहभागितामा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ काठमाडौं उपत्यकाभित्रको फोहोरलाई अस्थायी रुपमा केही वर्षका लागि फाल्ने भनेर सुरु गरिएको सिसडोल स्थित डम्पिङ साइटमा झण्डै डेढ दशकसम्म निरन्तर फोहोर फालिंदै आएको छ । जसले गर्दा सिसडोलवासी फोहोरको दुर्गन्ध सहन बाध्य भएका छन् । सिसडोल डम्पिङसाइटमा फोहोरका कारण सडक अवरुद्ध भएकाले बन्चरे डाँडामा निर्माणाधीन स्यानेटरी ल्याण्डफिल साइटको निर्माण सामाग्री ढुवानीमा समेत समस्या उत्पन्न भएको छ । बिजुलीका पोलहरु ढल्ने अवस्थामा पुगेका छन् । फोहोरको लिचेडलाई व्यवस्थापन नगरिएकोले कोल्खोला दूषित भई त्यहाँका खोलीनाली नष्ट भएको, पशुपालनमा बाधा पुगेको र स्थानीय जनताको स्वास्थ्यमा समेत प्रतिकूल असर पुगेको अवस्था छ । फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई सामेल गराउने प्रयोजनको नेतृत्व गरिरहेको लगानी बोर्डले पनि वर्षौंदेखि आफ्नो काम जिम्मेवारी पुरा गर्न नसकिरहेको अवस्था छ । सिसडोलको फोहोर व्यवस्थापनको कार्य जिम्मेवारीपूर्वक पुरा नगरिएकोले बन्चरे डाँडामा निर्माणधीन ल्याण्डफिल साइटको काममा समेत अवरोध आउन सक्ने अवस्था सृजना भएकोले सिसडोलको फोहोर व्यवस्थापनको तत्कालीन उपाय खोजी त्यसको व्यवस्थापन गर्न र बन्चरे डाँडामा निर्माणाधीन स्यानेटरी ल्याण्डफिल साइटको काममा अवरोध नआउन वातावरण बनाउन समिति काठमाडौं महानगरपालिका र लगानी बोर्डलाई निर्देश गर्दछ ।

२ समितिको आगामी बैठक समितिको अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

(वंशीराज पौडेल)
समिति सचिव

(कल्याणी कुमारी खड्का)
सभापति